स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



एक साताअघि सार्वजनिक फिल्म "आचार्य"को फर्स्टलुक टिजरले सकारात्मकभन्दा नकारात्मक चर्चा बढी बटुल्यो। टिजरको भिएफएक्सलाई लिएर निकै आलोचना भइरहेको छ। अभिनेता निखिल उप्रेतीले आगो बलेको टायर हातले घुमाएको दृश्यमा देखिएको भिएफएक्सले धेरैको आँखा बिझाएको छ। निखिलका प्रशंसकहरू टिजरबाट सन्तुष्ट देखिन्छन्। टिजर रिलिजपछि फिल्मवृत्तमा भने निखिल र उनकी श्रीमती सञ्चिता लुईँटेलको सम्बन्ध विभिन्न चर्चा भइरहेको छ।

**आजको विचार...**



रानीघाट...
(दुई पेजमा)

पदम न्यौपाने



एलिना चौहान नेपाली सुगम सङ्गीतकी चर्चित गायिका हुन्। 'धोकेबाज', 'मिनिरल वाटर', 'कट्टा हान्दिन्छु' लगायत थुप्रै चर्चित गीत दिएकी चौहानले भर्खरै 'नौराती फुलै' नामको तीज गीत बजारमा ल्याएकी छन्, जुन अहिले निकै चर्चामा छ। गायनका अलावा एलिना अहिले व्यवसायमा पनि आबद्ध भएकी छन्। उनले केही दिनअघि काठमाडौँमा 'रमणी' नामको कपडा स्टोर सुरु गरेकी छन्। उनको स्टोरमा झुम्का, चुरा, साडी, लेहेङ्गा र अन्य परम्परागत शृङ्गारका सामग्रीहरु उपलब्ध छन्। परिवारको स्थायित्वका लागि व्यवसायमा हात हालेको उनी बताउँछिन्।

❒ वर्ष ३२ ❒ अंक २२ ❒ २०८३ साउन २२ गते शुक्रबार 7 August 2026, Friday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### पहिरोमा परी चार जनाको मृत्यु

**(रासस/एएफपी)**

**मनिला,** साउन २१/फिलिपिन्समा पहिरोमा परी चार जनाको मृत्यु भएको अधिकारीहरूले बिहीबार बताएका छन् । उष्णकटिबन्धीय न्यून चापीय प्रणाली (ट्रपिकल डिप्रेसन) का कारण आएको भारी वर्षाले देशको उत्तरी भागमा मौसमी असर पारेकाले विद्यालयहरू बन्द गर्न बाध्य पारेको जनाइएको छ । टापुहरूको राष्ट्र फिलिपिन्सको मुख्य टापु लुजोनमा विगत चार दिनदेखि भारी वर्षा भइरहेको जनाइएको छ । वर्षाका कारण राजधानी र उत्तरी प्रान्तका विभिन्न क्षेत्रमा सरकारी कार्यालय तथा विद्यालयहरू बन्द गर्ने आदेश दिइएको थियो । मनिलाबाट उत्तरतर्फ गाडीमा छ घण्टाको दूरीमा रहेको बेन्गुएट प्रान्तमा बिहीबार एउटा पहाडको ढिस्को खसेर सानो रेस्टुरेन्टमाथि पर्दा भान्सामा रहेका तीन कर्मचारी पुरिएको जनाइएको छ । उनीहरुको उद्धार गरिएको जनाउँदै बेन्गुएट प्रान्तीय प्रहरीका कर्णेल डियोनिसियो बोनोयले एक जना जीवितै रहेको र दुई जनाको घटनास्थलमै मृत्यु भएको जानकारी दिए । देशको राष्ट्रिय विपद् व्यवस्थापन विभागले छिमेकी रिजाल प्रान्तमा अघिल्लो दिन गएको पहिरोमा परी अन्य दुई जनाको मृत्यु भएको पुष्टि गरेको छ ।

# छुट्टाछुट्टै घटनामा पाँच जनाको मृत्यु

***एकै दिन सवारी दुर्घटनामा दुई, करेन्ट लागेर एक तथा अन्य दुई जना मृत अवस्थामा फेला परेका छन् । सबै घटनाको प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।***

**हाम्रा संवाददाता**

**पाल्पा,** साउन २१/ देशका विभिन्न जिल्लामा भएका छुट्टाछुट्टै घटनामा परी पाँच जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सवारी दुर्घटनामा दुई, करेन्ट लागेर एक तथा अन्य दुई जना मृत अवस्थामा फेला परेका हुन् ।

दाङको तुलसीपुर उपमहानगरपालिका-६ नायकमार्ट नजिक सडकमा टिपरले स्कुटरलाई ठक्कर दिँदा स्कुटर चालकको मृत्यु भएको छ । रा.१ ग ३२ नम्बरको टिपरले रा.४ प ७९४५ नम्बरको स्कुटरलाई बिहीबार दिउँसो ठक्कर दिँदा स्कुटर चालक सोही उपमहानगरपालिका-११ कटाह बस्ने २१ वर्षीया कल्पना केसीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी उनको राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । उक्त स्कुटर र क.प्र. ०२-००३ प



२४४९ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई स्कुटरलाई पुन: टिपरले ठक्कर दिँदा दुर्घटना भएको थियो । टिपर र मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै ललितपुरको ललितपुर महानगरपालिका-१७ ग्वार्को चोकमा बस दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । कोटेश्वरबाट बालकुमारीतर्फ जाँदै गरेको बा.२ ख ३५९० नम्बरको मिनि बस अनियन्त्रित भई बिहीबार बिहान दुर्घटना हुँदा मिनि बसमा सवार भक्तपुर सूर्यविनायक बस्ने दोलखा शैलुङ गाउँपालिका-१ घर भएकी ४० वर्षीया जेनिसा लामाको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी उनको बिएण्डबि अस्पतालमा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । मिनि बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । साथै दुर्घटनामा घाइते भएका बसमा सवार ९ जनाको सोही अस्पतालमा र ९ जनाको ग्वार्खोस्थित ग्लोबल अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

उता, बाराको आदर्श कोतवाल गाउँपालिका-७ कोतवालीमा करेन्टर लागेर एक जनाको ज्यान गएको छ । बिजुलीको पोलमा रहेको तारबाट करेन्ट लागेर बेल्वाका ६० वर्षीय गणेश महतो कोईरीको मृत्यु भएको हो । गम्भीर घाइते उनको प्रादेशिक अस्पताल कलैयामा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । यस्तै मृत अवस्थामा २ जनाको शव फेला परेको छ । दोलखाको भीमेश्वर नगरपालिका-१ डोलागाउँछाप बस्ने ५० वर्षीया गीता थामी सोही ठाउँस्थित आपन्जोर खोलामा बिहीबार मृत अवस्थामा फेला परेकी छिन् । यस्तै पर्साको पटेर्वा सुगौली गाउँपालिका-२ बंकुल टोलस्थित कुलोमा सखुवा प्रसौनी गाउँपालिका-४ कल्याणपुर बस्ने ७४ वर्षीय हिरा माझी बिहीबार मृत अवस्थामा फेला परेका छन् । सबै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

## छात्राको मृत्युपछि स्कुलमा दुई दिन शोक बिदा

**तानसेन,** साउन २१/तानसेनस्थित मिलेनियम सेकेन्डरी स्कुल प्रा.लि.ले स्कुलमा अध्ययनरत छात्राको मृत्यु भएपछि २ दिन शोक बिदा दिएको छ । एल के.जी.मा अध्ययनरत विद्यार्थी साजुदा वानुको आगलागीका कारण भएको दु:खद निधनप्रति गहिरो दु:ख व्यक्त गर्दै स्कुलले दुई दिन शोक बिदा दिएको हो ।

गत साउन ७ गते खाजा खाने क्रममा स्कुलकै चमेना गृहको ग्यास पाइपबाट ग्यास चुइएर आगलागीमा परेपछि वानु घाइते भएकी थिइन् । उनलाई तत्काल तानसेनको युनाइटेड मिसन अस्पतालमा उपचारका लागि लगिएकोमा प्राथमिक उपचार पछि हेलीकप्टरबाट ललितपुरको वर्न अस्पतालमा थप उपचारको लागि लगिएको थियो । उपचारको क्रममा उनको अस्पतालमै मृत्यु भएको पारिवारिक स्रोतले जनाएको छ । खाजा खाने क्रममा वानुसहित ४ जना बालिकाहरू ग्यासको लप्काबाट पोलिएका थिए । अरु भने सामन्य नै छन् । स्कुलका अध्यक्ष केशवराज शर्माले बुधबार विज्ञप्ति निकालेर दुखद् घटनामा परी वानुको निधन भएपछि दुखको क्षणमा शोक बिदा गर्नुपरेको उल्लेख गरेका छन् । शोक सूचना अनुसार उक्त घटनाले स्कुलका सम्पूर्ण परिवारलाई मर्माहत र स्तब्ध बनाएको जनाएको छ । स्कुलले स्वर्गीय विद्यार्थीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेको छ ।

व्यवस्थापन समितिका अनुसार साउन २१ र २२ गते विद्यालयमा शोक बिदा रहनेछ । स्कुलले साउन २५ गते सोमबारदेखि नियमित रूपमा विद्यालय सञ्चालन हुने पनि सूचनामार्फत जनाएको छ ।

## 'च्याउ दिदी' तुलसाको १८ वर्षे संघर्ष : च्याउखेतीबाट करोडौँको सफलता

**नारायणी रजौरे/रासस**

**दाङ,** साउन २१ / तुलसा आजकाल च्याउ दिदीका नामले चिनिन थोकी छन् । उनले निरन्तर १८ वर्षदेखि दाङमा च्याउखेती गर्दै आएका कारण आजकाल स्थानीयले उनलाई च्याउ दिदीका उपनामले चिन्ने गरेका हुन् ।

निरन्तर मेहनतका कारण च्याउ व्यवसायबाट तुलसा बुढामगरले तुलसीपुर उपमहानगरपालिका-६ मा सन्तोषजनक आम्दानी गरेकी छन् । उनले करोडौँ जाने आकर्षक निवाससमेत निर्माण गरिसकेकी छन् । सामान्य लेखपढ गरेकी बुढा च्याउखेतीमै रम्न थालेकी छन् । उनले उद्योगमा दुई जनालाई रोजगारी दिनुका साथै खर्च कटाएर वार्षिक आठ लाख बचत गर्छिन् । सानो माटोको कच्ची घर भाडामा लिएर च्याउखेती सुरु गरेकी उनी दाङको महिला उद्यममीका रुपमा चिरपरिचित छन् । उनी भन्छिन्, "च्याउखेतीबाट आर्थिक रुपमा सक्षम



हुनुका साथै आत्मनिर्भर बनेकी छु ।" च्याउ बिक्रीबाट तुलसाले लाखौँ रुपैयाँ बचत गरी पक्की घर तथा सम्पती जोड्न सफल भएकी छन् । मगरले च्याउ, च्याउको अचार, सुकुटी विभिन्न मेला महोत्सवमा स्टल भाडामा लिएर समेत बिक्री गरेकी छन् । तुलसाले बजारमा ताजा च्याउ प्रतिकेजी २२०, सुकुटी ३०० देखि ३८० सम्म र अचार ५०० देखि ६०० मा बिक्री गर्छिन् । तीन लाखबाट व्यवसाय सुरु भएको च्याउखेतीबाट एक करोड मूल्य बराबरको पक्की घर निर्माण गर्न सफल भएकी छन् तुलसा । निरन्तर च्याउ उत्पादनमा लागेकै कारण उनको मेहनतको कदर गर्दै साना तथा मझौला उद्योगले नि:शुल्क च्याउ प्रशोधन मेसिन उपलब्ध गराएको छ ।

चितवनमा च्याउखेती देखेपछि आकर्षित भएकी तुलसा दुई सन्तानकी आमा हुन् । आमाको मेहनत र लगनशीलताले सन्तानलाई पनि मेहनत गर्ने आदत बसेको तुलसाले सुनाइन् । गत वर्ष तुलसीपुर उपमहानगरपालिले उनलाई उत्कृष्ट महिला उद्यमी पुरस्कार पनि प्रदान गरेको थियो । च्याउ एक प्रकारको हरितकण नभएको ढुसी (फन्जाइ) हो । जुन ओसिलो र कुँहिएको वस्तुमा उम्रन्छ । नेपालमा कन्ये, गोब्रे र सीताकेजस्ता खानयोग्य च्याउको व्यावसायिक खेती गरिन्छ । तर, जङ्गली च्याउ खाँदा मानिसको मृत्युसमेत हुने गरेको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## महँगी नियन्त्रणमा गम्भीर बन

पछिल्ला दिनहरुमा महँगी अत्याधिक रुपमा बढेको छ । बजार मूल्य नियन्त्रणमा आउन नसकेका कारण उपभोक्ता वर्ग चिन्तित भएका छन् । खासगरी, खाद्यान्न र तरकारीको मूल्यमा भएको अप्रत्याशित वृद्धिले श्रमजीवी जनताको दैनिकीमा नकारात्मक प्रभाव परेको पाइएको छ । बजार अनुगमन गर्ने अख्तियार पाएका सम्बन्धित निकायले मूल्य नियन्त्रणतर्फ भने खासै चासो देखाएको पाइँदैन । बजारमा मल्य वृद्धि हुनु नै महँगी बढ्नु हो ।

अहिले बजारमा चामल, दाल, तेल, चिनी, तरकारी, अण्डादेखि खाना पकाउने ग्याससम्मकै मूल्य लगातार बढिरहेको छ । आम्दानीको स्रोत सापेक्षिक रुपमा स्थिर रहने र दैनिक उपभोग्य सामग्री एवं खाद्य सामग्रीको मूल्य निरन्तर बढ्दा आम मानिसको जीवनयापन कठिन बन्दै गएको छ । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य वृद्धि, बर्खा यामका कारण कृषि उत्पादन र ढुवानीमा परेको असर, बर्डफ्लुका कारण अण्डा उत्पादनमा आएको कमीलगायतका कारण मूल्यवृद्धि भएको व्यवसायीहरुले भन्दै आएका छन् । यी पक्षलाई पूर्णतः अस्वीकार गर्न सकिँदैन । तर यिनै कारण देखाएर बजारमा अस्वाभाविक मूल्यवृद्धि हुनु वा कृत्रिम अभाव सिर्जना हुनु भने स्वीकार्य हुन सक्दैन । सबैभन्दा चिन्ताजनक पक्ष भनेको सरकारी संयन्त्रको कमजोर उपस्थिति हो । सरकारी निर्देशन कागजमै सीमित हुनु, सम्बन्धित निकायको निरीक्षण फितलो हुनु र मूल्य नियन्त्रणका संयन्त्र निष्क्रिय देखिनुले बजारमा व्यवसायीको मनोमानीलाई थप प्रोत्साहन मिलेको छ । खाना पकाउने ग्यासको अवस्थाले सरकारी व्यवस्थापनको कमजोरीलाई झन् प्रस्ट पारेको छ । महँगीसँग जुधिरहेका बेला पछिल्ला दिनमा खाना पकाउने इन्धनको समेत अभाव भएपछि सर्वसाधारण उपभोक्तालाई असजिलो भएको छ । नेपालमा उत्पादन नहुने आयातित खाना पकाउने एलपी ग्यास सहज रूपमा नपाएर अहिले उपभोक्ता ठूलो मर्कामा परेका छन् । एकातिर आयातको मात्रा घटेको छैन तर बजारमा पनि सहज तवरले पाइएको छैन । यो जटिल अवस्थाको सडकदेखि सदनसम्म विषय उठे पनि सम्बन्धित निकाय मौन छ । जति मूल्य बढाए पनि नियन्त्रण गर्ने कोही छैन भन्ने भ्रम पालेर व्यापारीहरुले मूल्यमा एकाधिकार कायम गरेका छन् । जसले गर्दा आम उपभोक्ताको भान्सा महँगी बन्न पुगेको छ । यसरी आम नागरिकको भान्सामा महँगी बढ्दै गएका बेला सरकार र सरोकारवाला निकाय मुकदर्शक भएर बस्न कदापि मिल्दैन । यसर्थ महँगी नियन्त्रणमा तीनै तहका सरकार गम्भीर बन्न जरुरी छ ।

### Opinion @ Social Network

कहिलेकाहीँ धेरै सहनु पनि जरुरी हुन्छ...
किनकि समयले फूललाई पत्थर बनाइदिन्छ ।
*(इशा कुंवरको फेसबुक स्टाटसबाट www.facebook.com/Isha.Kunwar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# रानीघाट महादेव गुठी, दरवार र पर्यटन



**पदम न्यौपाने**

पाल्पाको रानीघाटस्थित रानीमहल (रानीघाट दरवार) केवल एउटा प्रेमिल मनको कल्पनाले श्रृजित दरबार मात्र होइन । यो एउटा अविश्मरणिय र अभेद्य प्रेम, इतिहास, कला, वास्तुकला, धर्म, प्रकृति र नेपाली समाजको सांस्कृतिक स्मृतिलाई एकै ठाउँमा जोड्ने अनुपम सम्पदा हो । शालिग्राम शिलायुक्त कालीगण्डकी नदीको उत्तरवाहिनी किनारमा अवस्थित यो दरबार खड्गशमशेरले आफ्नी दिवंगत रानी तेजकुमारीको स्मृतिमा वि.स. १९५४ मा निर्माण गरेका हुन् । खड्गशमशेरद्धारा सम्झनायुक्त दरबार निर्माण भइसकेपछि दरवार क्षेत्रको बिचमा महादेव(शिव मन्दिर) र गंगामाई मन्दिरको समेत स्थापना गरि गुठी जग्गा लगायत सम्पतीको व्यवस्था गरिएको थियो । गूठी जग्गाको व्यवस्था गरिनुमा मन्दिरमा नित्यपूजा र पूजारीका लागि आवश्यक खर्च व्यवस्था, मन्दिर तथा दरवारको नियमित रेखदेख र शुरक्षा, मन्दिरको दर्शनका लागि आउने भक्तजनका लागि आवश्यक वास र खानपान(भण्डारा) एवं घाट गएकाहरुको लागि ओतको व्यवस्था प्रयोजनका लागि गूठीको भूमिका रहेको बताइन्छ ।

**गूठी किन ?**

गूठी जग्गा व्यवस्था नेपाली समाजमा धार्मिक प्रयोजनका लागि मात्र होइन, सामाजिक र सांस्कृतिक जीवनसँग जोडिएको परम्परागत भाव सहितको संस्था हो । रानीघाट क्षेत्रमा महादेव गुठीको स्थापना पनि दीगो व्यवस्था र निरन्तरताको रणनीति हो । अहिले यो निकै सामयिक र सान्दर्भिक बन्दै आएको छ । यदि पारदर्शी व्यवस्थापन, कानुनी र आधुनिक व्यवस्थापकीय प्रणालीसहित गुठीलाई संस्थागत गर्न सकियो भने यसले मन्दिर, पूजा-पर्व, धार्मिक अनुष्ठान, सम्पदा संरक्षण र स्थानीय सहभागिताबीच स्थायी सम्बन्ध स्थापित गर्न सक्छ । तर गुठीलाई केवल धार्मिक कर्मकाण्डमा सीमित राखिनु हुँदैन । यसको मुख्य उद्देश्य सम्पदा संरक्षण, धार्मिक परम्पराको निरन्तरता, गुठी सम्पत्तिको संरक्षण, आय-व्ययको पारदर्शिता र स्थानीय हितसँग जोडिनुपर्छ । गुठी सम्पत्तिको डिजिटल अभिलेख, नियमित लेखापरीक्षण र प्रतिवेदन सार्वजनिक आवश्यक हुन्छ । यसले सम्पदालाई विश्वास योग्य मात्र होइन, आर्थिक आधार पनि प्रदान गर्छ । तानपा १३ मा पर्ने यो रानीघाटको दरबारलाई नेपाल पर्यटन बोर्डले समेत पाल्पाको प्रमुख आकर्षणका रूपमा उल्लेख गरेको छ । तर यसको महत्व केवल पर्यटन गन्तव्यमा मात्र सीमित छैनह यो सम्पदा संरक्षण, धार्मिक परम्परा, स्थानीय अर्थतन्त्र र सांस्कृतिक पहिचानसँग जोडिएको बहुआयामिक सम्भावनाको केन्द्र हो । गूठी व्यवस्थापन भनेको महादेव मन्दिरमा नित्यपूजा सूचारु गर्नु र सम्पतीको व्यवस्थापन मात्र होइन,रानीमहललाई संरक्षण गर्नु पनि हो । संरक्षण भनेको केवल दरबारको भौतिक संरचना जोगाउनु मात्र होइनह यससँग जोडिएका कथा, स्मृति, संस्कार, परम्परा र सामाजिक सम्बन्धलाई पनि जीवित राख्नु हो । यसर्थ यो ऐतिहासिक र सांस्कृतिक मूल्यसंग पनि सम्वन्धित छ । नेपालका अन्य दरबार, मन्दिर र सम्पदाको संरक्षणका अनुभवले देखाउँछ कि संरक्षणमा भौतिक संरचना मात्र होइन, त्यससँग जोडिएको सांस्कृतिक कथा पनि प्रस्तुत गरिन्छ, यसबाट सम्पदाको मूल्य अझै बढ्छ । रानीमहलको कथा प्रेम र स्मृतिसँग जोडिएको छ । खड्गशमशेरले आृनी रानीको निधनपछि यो दरबार निर्माण गरेर प्रेमलाई वास्तुकलामा रूपान्तरण गरेका थिए । यसैले धेरैले रानीमहललाई “नेपालको ताजमहल” पनि भन्ने गर्दछन् । यस्ता कथाहरुले पर्यटकलाई भावनात्मक रूपमा आकर्षित गर्ने शक्ति राख्दछन् । सम्पदा संरक्षणलाई वैज्ञानिक दृष्टिकोणबाट हेर्दा रानीमहल र रानीघाट क्षेत्रलाई एकीकृत र सम्पदा संरक्षण योजना अन्तर्गत अघि बढाउन सकिने प्रशस्त आधारहरु भेटाउन सकिन्छ । यस कार्यमा महादेव गूठीका नाममा जिल्लाका विभिन्न स्थानहरुमा ( रानीघाट क्षेत्र, खानीगांउ,मदनपोखरा, बल्धेगंगढी,अर्गली लगायत) राखिएको दुई सय बढी रोपनी गूठी जग्गाको व्यवस्था गरिनु पनि विशेष रणनीति भएको अनुमान लगाउन सकिन्छ । यसको विविध पक्षको खोज, अध्ययन ,अनुसन्धान र गुरु योजना निर्माण गर्ने कार्य र गूठी सम्पती व्यवस्थापनका लागि गूठी व्यवस्थापन समिति गठन गरिनु जरुरी देखिन्छ ।

**चर्चा र वास्तविकता :**

आज रानीमहलको चर्चा मुख्यतः पर्यटन गन्तव्यका रूपमा हुन्छ । तर यसको वास्तविक सम्भावना त्यसभन्दा धेरै व्यापक छ । रानीमहलको संरक्षण, त्यससँग सम्बन्धित धार्मिक तथा सांस्कृतिक परम्पराको पुनर्जागरण, महादेव गुठी समितिको गठन तथा सम्पति व्यवस्थापन, मन्दिरका गुठी जग्गा र सम्पत्तिको संरक्षण, रानीघाट दरबार तथा परिसरको वैज्ञानिक पुन:स्थापना र स्थानीय समुदायको सक्रिय सहभागितालाई एकीकृत गर्न सकियो भने पाल्पामा धार्मिक, सांस्कृतिक, ऐतिहासिक, वास्तुकला, प्रकृति, नदी, ग्रामीण, अध्ययन-अनुसन्धान, आध्यात्मिक र अनुभव र खेलमा आधारित पर्यटनको नयाँ अध्याय सुरु गर्न सकिन्छ ।

**संरक्षण के को ?**

रानीमहलको संरक्षणको पहिलो आधार यसको इतिहास र मौलिकता हो । ऐतिहासिक सम्पदा संरक्षण भनेको पुरानो भवनको भौतिक संरचना जोगाउनु मात्र होइनह त्यससँग जोडिएको कथा, स्मृति, संस्कार, परम्परा र सामाजिक सम्बन्धलाई पनि जीवित राख्नु हो । नेपालको सम्पदा संरक्षणका अनुभवले पनि दरबार, मन्दिर, कलाकृति र ऐतिहासिक संरचनालाई संरक्षणसँगै व्याख्या र सार्वजनिक अनुभवसँग जोड्दा तिनको सांस्कृतिक मूल्य अझ प्रभावकारी ढंगले स्टोरी टेलिङलाइ सशक्त रुपबाट प्रस्तुत गर्न सकिने देखाउँछन् । विशेषगरी मन्दिरको गुठी जग्गा र सम्पत्तिलाई सम्पदाको आर्थिक आधारका रूपमा हेर्ने गरिन्छ । यसको अर्थ गुठी सम्पत्ति बेच्ने वा अनियन्त्रित रूपमा व्यावसायिक प्रयोग गर्ने भन्ने होइन, बरु कानुनअनुसार त्यसबाट प्राप्त हुने आम्दानीलाई मन्दिर, पूजा-परम्परा, दरबार संरक्षण, सांस्कृतिक कार्यक्रम, सरसफाइ र स्थानीय हितमा पुन:लगानी गर्ने व्यवस्था बनाउनु हो ।

**गूठी व्यवस्थापन समिति किन ?**

पहिलो पटक गठन गर्न लागिएको महादेव गुठी व्यवस्थापन समितिको माध्यमबाट सो क्षेत्रलाई हेरिने दृष्टिकोणमा पुनर्संरचना गर्न सकिन्छ, जुन अत्यन्त महत्वपूर्ण हुन सक्छ । यसर्थ गुठीलाई नेपाली समाजको धार्मिक मात्र होइन, सामाजिक र सांस्कृतिक जीवनसँग जोडिएको परम्परागत संस्थाको रुपमा हेर्न थालिएको हो । गूठी व्यवस्थापन समितिको भूमिका रानीघाट दरबारको मूल वास्तुशैली, निर्माण सामग्री, शिल्पकला र ऐतिहासिक स्वरूपलाई वैज्ञानिक अध्ययन गरी संरक्षण गर्ने कार्यमा सशक्त रहन्छ । सो क्षेत्रमा नयाँ संरचना निर्माण गर्दा पुरानो सम्पदाको सौन्दर्य र मौलिकतामा असर नपर्ने गरी निश्चित मापदण्ड निर्धारण गर्ने कार्यमा सो समितिले योगदान गर्नुपर्छ । दरबार वरपरको प्राकृतिक भू-दृश्य, कालीगण्डकी नदीको किनार, उत्तरवाहिनी क्षेत्रको महत्व, पदमार्ग र पुराना सांस्कृतिक संरचनालाई सम्पदा क्षेत्रकै अभिन्न अंगका रूपमा संरक्षण गर्न सक्छ । यसरी संरक्षण गरिएको रानीमहललाई केवल घुम्ने ठाउँ नभई अध्ययन, अनुसन्धान र सांस्कृतिक अनुभवको केन्द्र पनि बनाउन सकिन्छ ।

**योगदान के हुन सक्छ ?**

यो क्षेत्र पर्यटन विकासका सम्भावनाका आधारहरुमा धार्मिक, आध्यात्मिक तथा ऐतिहासिक पर्यटन प्रमुख हुन सक्छन् । यहाँ आउने पर्यटकले दरबार हेरेर मात्र फर्किने होइन, त्यहाँको इतिहास, खड्गशमशेर र रानीसँग जोडिएको कथा, नयाँ प्रेमिल जोडीले गर्ने कल्पना, तत्कालीन राजनीतिक तथा सामाजिक परिवेश र वास्तुकलाबारे विश्वसनीय जानकारी प्राप्त गर्ने व्यवस्था पनि हो । तत्कालिन अवस्थाको चित्रण गर्ने संग्रहालय, डिजिटल अभिलेख, सूचना केन्द्र, बहुभाषिक व्याख्या सामग्री र प्रशिक्षित स्थानीय गाइडको व्यवस्था गर्न अब जरुरी भैसकको छ । वास्तुकला तथा कला पर्यटनका लागि रानीमहलको निर्माणशैली, दरबारका झ्याल-ढोका, स्तम्भ, सजावट र अन्य कलात्मक पक्षको अध्ययन गर्न विद्यार्थी र अनुसन्धानकर्तालाई आकर्षित गर्न सकिन्छ । यसले रानीमहललाई जीवित प्रयोगशालामा रूपान्तरण गर्न सक्छ । प्रकृति र नदी पर्यटनमा कालीगण्डकी नदीको प्राकृतिक उपस्थितिले यहाँ नदी तथा प्रकृति पर्यटनको सम्भावना खोल्ने हुनाले यस्को विकास वातावरणमैत्री,नदी प्रदूषण,अनियन्त्रित निर्माण, प्लास्टिकजन्य फोहोर र अत्यधिक भीड नियन्त्रणको व्यवस्थापन जरुरी हुनाले सो कार्यमा समितिले समेत कार्य गर्न जरुरी हुन्छ । धार्मिक तथा आध्यात्मिक पर्यटनमा महादेव मन्दिर तथा गंगामाई संस्कृतिको र अन्य धार्मिक परम्परालाई समेत व्यवस्थित रूपमा संरक्षण गर्न सकिएमा धार्मिक र आध्यात्मिक पर्यटनको विकास गर्न सकिन्छ । गूठी व्यवस्थापन समितिले धार्मिक पर्व, महाशिवरात्रि, विशेष पूजा तथा सांस्कृतिक अनुष्ठानलाई स्थानीय समुदायको सहभागितामा सञ्चालन गर्न सकिन्छ । यसका साथै ग्रामीण तथा सांस्कृतिक पर्यटनमा योगदान गर्ने स्थानीय घरबास, परम्परागत खानाका परिकार, हस्तकला, स्थानीय उत्पादन, लोकसंगीत र सांस्कृतिक प्रस्तुति पर्यटक अनुभवको हिस्सा बन्न सक्छन् । पाल्पाको तानसेन आफैंमा पुरानो बजार, यहाँको सांस्कृतिक वातावरण र परम्परागत हस्तकलाका कारण आकर्षक गन्तव्य हो । रानीमहललाई तानसेन र पाल्पाका अन्य गन्तव्यसँग जोडेर एकीकृत पर्यटन सर्किट बनाउन सकिन्छ । यसकालागि समन्वय, सहकार्य र व्यवस्थापनका पक्षमा गूठीको योगदान र भूमिका रहन सक्छ । यसका लागि सरकार, स्थानीय तह, पुरातत्व तथा सम्पदा संरक्षण निकाय, गुठी संस्थान, स्थानीय समुदाय, निजी क्षेत्र र पर्यटन व्यवसायीबीच सहकार्यको वातावरण मिलाउन आवश्यक हुन्छ । तर, सम्पदा संरक्षणको नेतृत्व राज्यले लिनुपर्छ तर धार्मिक परम्पराको निरन्तरता समुदायले सुनिश्चित गर्नुपर्छ । यस्ता व्यवस्थापनमा गुठीले पारदर्शी भूमिका खेल्नुपर्छ । पर्यटन प्रवर्द्धनमा निजी क्षेत्र सक्रिय हुनुपर्छ । निगरानीमा नागरिक समाजले योगदान दिनुपर्छ । निष्कर्षमा,रानीमहलको संरक्षणलाई केवल एउटा दरबार बचाउने र गूठी व्यवस्थापन समिति गठन गर्ने अभियानका रूपमा मात्र हेर्नु हुँदैन । यो इतिहास बचाउने, संस्कृति जोगाउने, गुठी परम्परालाई व्यवस्थित गर्ने, धार्मिक आस्थालाई निरन्तरता दिने, स्थानीय अर्थतन्त्र बलियो बनाउने र नयाँ पुस्तालाई आफ्नो अतितसँग जोड्ने अभियान हो । यसबाट इतिहास पर्यटनले ज्ञान दिनेछ, धार्मिक पर्यटनले आस्था जोड्नेछ, सांस्कृतिक पर्यटनले पहिचान बचाउनेछ, त्यसैगरी वास्तुकला पर्यटनले सिर्जनशीलता उजागर गर्नेछ, प्रकृति पर्यटनले वातावरणसँग जोड्नेछ, नदी पर्यटनले नयाँ अनुभव दिनेछ, ग्रामीण पर्यटनले स्थानीय जीवनसँग परिचय गराउनेछ र अध्ययन-अनुसन्धान पर्यटनले ज्ञानको नयाँ ढोका खोल्नेछ । यति मात्र होइन , नेपाल पर्यटन बोर्डले त आफ्नो २०२२ को प्रकाशनमा पहाडी स्थान मध्ये रानीघाट स्थित कालिगण्डकी किनारलाई बीच भलिवल खेलको सम्भावना उच्च रहेको उल्लेख गरिसकेको छ । साथै, प्रेम पर्यटनको त अहिले प्रमुख आकर्षणनै बनेको छ । अन्तत, रानीमहलको संरक्षण प्रेमको स्मृति, इतिहासको साक्षी, धर्मको आस्था, संस्कृतिको निरन्तरता, प्रकृतिको सौन्दर्य र स्थानीय समृद्धिको सम्भावनालाई एउटै सूत्रमा बाँध्ने अभियान हो । योजनावद्ध संरक्षण र बहुआयामिक पर्यटन विकासमार्फत रानीमहल पाल्पाको मात्र होइन, नेपालको सांस्कृतिक पर्यटनको विशिष्ट राष्ट्रिय प्रतिक बन्न सक्छ ।

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेड्क्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : रोकिएको कामले गति समाउने संकेत छ। मनमा सकारात्मक ऊर्जा जाग्नेछ। | **तुला** : कामबाट राम्रो परिणाम मिल्न सक्छ। भविष्यमा उपयोगी सावित हुन सक्छ। |
| **वृष** : कारोबारमा नयाँ सम्भावना देखिन सक्छ। आराममा ध्यान दिनु राम्रो हुनेछ। | **वृश्चिक** : आर्थिक विषयमा सोच्नु उचित हुनेछ। आरामको कमी हुन नदिनुहोस्। |
| **मिथुन** : नयाँ काममा मन लाग्नेछ। लेनदेन गर्दा हतार नगर्नु बुद्धिमानी हुनेछ। | **धनु** : यात्रा वा बाहिरको काम सफल हुन सक्छ। परिवारबाट राम्रो साथ मिल्नेछ। |
| **कर्कट** : परिवारमा आत्मीयता बढ्नेछ। स्वास्थ्यतर्फ सजगता अपनाउँदा राम्रो हुनेछ। | **मकर** : व्यापारमा नयाँ योजना बनाउने समय छ। राम्रो कर्मले राम्रो फल दिनेछ। |
| **सिंह** : कार्यक्षेत्रमा मेहनतको चर्चा हुन सक्छ। व्यापारमा लाभ मिल्ने संकेत छ। | **कुम्भ** : कार्यक्षेत्रमा अवसर दिलाउन सक्छ। दान वा सेवा गर्ने भावना जाग्न सक्छ। |
| **कन्या** : आर्थिक पक्ष बलियो बन्नेछ। शरीरलाई आराम दिनु राम्रो हुनेछ। | **मीन** : काम सफल हुने संकेत छ। आम्दानीको स्रोतबारे सोच्ने समय छ। |

## स्वास्थ्य चर्चा

# ठप्प चिकित्सा शिक्षा आयोग : ६० हजार विद्यार्थीको भविष्य अन्योलमा

चिकित्सा शिक्षा आयोगका निर्देशनालय तथा बोर्डहरूमा निर्देशक र सदस्यहरूको नियुक्ति हुन नसक्दा आयोगको शैक्षिक कार्यतालिका प्रभावित बनेको छ । आयोगमा नेतृत्व रिक्त रहँदा समग्र शैक्षिक तथा नीतिगत निर्णय प्रक्रिया अवरुद्ध हुन पुगेको हो । आयोग निर्देशक र सदस्यविहीन बन्दा एमबीबीएस, बीडीएस, नर्सिङसहित स्नातक तहका विभिन्न विधाका शैक्षिक कार्यक्रमहरूको एकीकृत प्रवेश परीक्षा कहिले सञ्चालन हुने भन्ने अझै ठेगान छैन । मङ्गलबार प्रतिनिधि सभाको बैठकमा सांसद रमेश मल्लले विगत एक महिनादेखि करिब ६० हजार विद्यार्थी प्रवेश परीक्षाको तयारीमा बसे पनि आवेदनसम्बन्धी सूचनासमेत आउन नसकेको बताएका थिए । सरकारले गत वैशाख १९ गते 'सार्वजनिक पदाधिकारीको पदमुक्त सम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' जारी गरेपछि आयोगका पदाधिकारीहरू स्वत: पदमुक्त भएका थिए, जसका कारण तीन महिनादेखि आयोगका निर्देशनालय र बोर्ड पदाधिकारीविहीन छन् । आयोगका मापदण्ड तथा प्रत्यायन निर्देशनालय, योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय, परीक्षा निर्देशनालय र राष्ट्रिय चिकित्सा विशेषज्ञता बोर्ड (नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज) निर्देशकविहीन छन् । यसैका कारण एमबीबीएस प्रवेश परीक्षाको तालिका अहिलेसम्म सार्वजनिक हुन सकेको छैन । यस्तै, मेडिकल कलेजहरूको सिट निर्धारणका लागि गरिने अनुगमनसमेत प्रभावित भएको छ । आयोगका सूचना अधिकारी अर्जुन ढकालले निर्देशक नियुक्ति नहुँदा एमबीबीएस प्रवेश परीक्षाको सूचना जारी गर्न ढिलाइ भएको बताए । ढकालले भने, 'परीक्षा समितिको संयोजक परीक्षा निर्देशनालयका निर्देशक रहने व्यवस्था छ, जसले गर्दा एमबीबीएसलगायतका प्रवेश परीक्षाहरू अझै सुरु हुन सकेका छैनन् ।' ढकालले शिक्षण संस्थाहरूको अनुगमन, सिट निर्धारण र परीक्षा सञ्चालनका कार्यहरू अगाडि बढ्न नसकेको जानकारी दिए । गत असार ५ गते नै कक्षा १२ को नतिजा सार्वजनिक भइसकेको छ । चिकित्सा शिक्षा आयोगअन्तर्गतको मापदण्ड तथा प्रत्यायन निर्देशनालयमा निर्देशक पद रिक्त हुँदा आयोगका महत्त्वपूर्ण नीतिगत तथा प्रशासनिक कामहरू प्रभावित बनेका छन् । निर्देशनालय नेतृत्वविहीन बन्दा चिकित्सा शिक्षा संस्था स्थापनाका लागि




आवश्यक पूर्वाधार र शिक्षकको योग्यतासम्बन्धी आधारभूत मापदण्ड निर्धारण गर्ने कार्य प्रभावित भएको छ । शिक्षण विधि तथा प्रविधिको विकास र पाठ्यक्रमको स्तर निर्धारण गर्नेजस्ता संवेदनशील जिम्मेवारीहरूसमेत प्रभावित भएका छन् । यसले समग्र चिकित्सा शिक्षा क्षेत्रको नियमन र स्तरोन्नतिमा प्रत्यक्ष असर पारेको छ । निर्देशक नहुँदा विश्वविद्यालय तथा प्रतिष्ठानहरूको गुणस्तर मूल्याङ्कन र प्रत्यायनसम्बन्धी नियमित अनुगमनका कामहरू रोकिएका छन् । यसका कारण उच्चस्तरीय तालिम, फेलोसिप तथा वैदेशिक अध्ययनमा जान चाहने चिकित्सक र विद्यार्थीहरू मर्कामा परेका छन् । आयोगअन्तर्गतको 'योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय' पनि लामो समयदेखि निर्देशकविहीन छ, जसले गर्दा मुख्य नीतिगत तथा प्रशासनिक कार्यहरू ठप्प बनेका छन् । राष्ट्रिय स्वास्थ्य व्यावसायिक शिक्षा नीति तर्जुमा गर्ने, सोहीअनुसार वार्षिक कार्यक्रमको योजना बनाउने तथा देशका लागि आवश्यक स्वास्थ्य जनशक्तिको प्रक्षेपण, उत्पादन र खपतको लेखाजोखा राख्नेजस्ता संवेदनशील जिम्मेवारी बोकेको यस निर्देशनालयमा नेतृत्व नहुँदा दीर्घकालीन योजनाहरू अघि बढ्न सकेका छैनन् । नेतृत्वको अभावका कारण विभिन्न शिक्षण संस्थाहरूलाई दिइने आशयपत्र, शुल्क संरचना निर्धारण तथा कलेजहरूको विद्यार्थी सिट संख्या तोक्नेजस्ता सरकारी निकाय र प्राज्ञिक क्षेत्रसँगको समन्वयकारी कामहरू प्रभावित भएका छन् । चिकित्सा शिक्षाको गुणस्तर सुधार, नयाँ कार्यक्रमको विस्तार, शिक्षण-सिकाइ पद्धतिमा सुधार तथा अनुसन्धानजस्ता प्राज्ञिक उन्नयनका महत्त्वपूर्ण कार्यहरूसमेत प्रभावित भएका छन् । चिकित्सा शिक्षा आयोगअन्तर्गत परीक्षा निर्देशनालयको प्रमुख कार्यकारी भूमिकामा रहने 'निर्देशक' पद लामो समयदेखि रिक्त रहँदा देशभरको चिकित्सा शिक्षा परीक्षा प्रणाली अन्योलमा परेको छ । आयोगले एकीकृत प्रवेश परीक्षामार्फत स्नातक, स्नातकोत्तर र सुपर स्पेसियालिटी तहका परीक्षा सञ्चालन गर्ने, प्रविधिमैत्री मूल्याङ्कन प्रणाली अपनाउने र कम्प्युटर म्याचिङद्वारा योग्यताक्रमका आधारमा भर्ना छनोट गर्ने कार्यादेश पाएको छ । तर, नेतृत्वको अभावमा यी सम्पूर्ण रणनीतिक योजना, राष्ट्रिय बोर्ड विशेषज्ञता उपाधिसम्बन्धी परीक्षा र वैदेशिक अध्ययनका लागि आवश्यक पर्ने योग्यता प्रमाणपत्र जारी गर्ने कार्यसमेत प्रभावित भएको छ । निर्देशक नहुँदा प्रवेश परीक्षाको निश्चित कार्यतालिका प्रकाशन, प्रविधिमा आधारित वस्तुगत मूल्याङ्कनको व्यवस्थापन तथा नतिजा प्रकाशनमा ढिलाइ भइरहेको छ । यसले गर्दा मेडिकल कलेजहरूमा समयमै नयाँ शैक्षिक सत्र सुरु हुन सकेको छैन । गत असार २३ गते आयोगको उपाध्यक्षमा डा । देवेन्द्र खत्री नियुक्त भएका थिए । चिकित्सा शिक्षा आयोगको निर्देशक पदमा नियुक्तिका लागि १२ जना उम्मेदवारले गत साउन ८ गते नै अन्तर्वार्ता दिइसकेका छन् । सङ्क्षिप्त सूचीमा समेटिएका उम्मेदवारहरूमा प्राडा दयाराम पोखरेल, प्राडा दीपेन्द्रबहादुर श्रेष्ठ, प्राडा दिलीप शर्मा, प्राडा विनोदकुमार यादव, प्राडा मृगेन्द्र अमात्य, प्राडा रवीन्द्रमान श्रेष्ठ, प्राडा विष्णुप्रसाद शर्मा, प्राडा सैरत्न बज्राचार्य, प्राडा सञ्जयकुमार श्रेष्ठ, प्राडा सन्ध्या चापागाईं आचार्य, प्राडा सुरज बज्राचार्य र प्राडा शैलेश प्रधान रहेका छन् । उम्मेदवारहरूले निर्देशक पदमा नियुक्तिको नाम सिफारिसका लागि 'उम्मेदवार छनोटसम्बन्धी कार्यविधि, २०८३' बमोजिम आयोगका निर्देशनालय र बोर्डको कामसँग सम्बन्धित दक्षता, उत्कृष्ट व्यवस्थापकीय सीप तथा व्यावसायिकता प्रस्तुत गरेका थिए । उम्मेदवारहरूले अन्तर्वार्ता दिएको १० दिन बितिसक्दा पनि नियुक्ति प्रक्रिया अझै अन्योलमै छ ।

*-रातोपाटी डटकम*

# रेबिज विरुद्धको भ्याक्सिन वितरण सुरु

स्वास्थ्य सेवा विभागले प्रदेशहरूमा रेबिज विरुद्धको भ्याक्सिन वितरण सुरु गरिएको जनाएको छ । स्वास्थ्य सेवा विभाग अन्तर्गत इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले नियमित खरिद प्रक्रियाबाट प्राप्त रेबिज विरुद्धको खोपको पहिलो खेप सबै प्रदेशका प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रहरूमा वितरण सुरु गरेको हो । महाशाखाका अनुसार प्राप्त खोपलाई आवश्यकताका आधारमा प्रदेशहरूमा वितरण गरी त्यहाँबाट स्थानीय स्वास्थ्य संस्थाहरूमा पुऱ्याइने व्यवस्था मिलाइएको छ । खोपको शीघ्र वितरण र अभाव हुन नदिन प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रहरूसँग निरन्तर समन्वय भइरहेको महाशाखाले जनाएको छ । रेबिज



रोगको लक्षण देखिएपछि यसको उपचार सम्भव नहुने र प्राय: १०० प्रतिशत बिरामीको ज्यान जाने भएकाले समयमै सावधानी अपनाउन स्वास्थ्य अधिकारीहरूले आग्रह गरेका छन् ।

*-हाम्रा कुरा डटकम*

# स्तनपान कसरी बन्न सक्छ अस्थायी गर्भनियन्त्रणको साधन ?

हामीले यही हप्ता अर्थात् साउन १६ देखि २२ गतेसम्म नेपाल लगायत संसारभर विश्व स्तनपान सप्ताह मनाइरहेका छौँ । स्तनपान जीवनको सुरुवातको काम हो जसले जीवन भरलाई व्यक्तिलाई सक्षम, निरोगी, बलियो र तन्दुरुस्त राख्ने काम गर्दछ । नेपालमा स्तनपानको अभ्यास हेर्दा नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २०२२ का अनुसार जन्मिएको ६ महिनासम्म स्तनपान मात्र गराउने अभ्यास २०११ मा रहेको ७० प्रतिशतबाट घटेर ५६ प्रतिशत भएको छ र बोतलबाट स्तनपान गराउने प्रचलन १० प्रतिशतबाट बढेर २८ प्रतिशत पुगेको छ । यसबाट के बुझिन्छ भने आमाको व्यस्तता र रोजगारको अवस्था बच्चालाई स्तनपान गराउनमा बाधक भएर आएको छ । बजारमा पाइने अन्य दूध र कृत्रिम दूधको प्रयोग बढ्दै गइरहेको भयावह अवस्था देखिँदैछ जसले बच्चाको दिगो विकासमा असर पार्ने निश्चित छ । स्वाभाविक रूपमा हामीलाई थाहा छ कि स्तनधारी प्राणीले बच्चालाई दूध चुसाउँछन् जुन प्राकृतिक नियम हो । स्तनपानबाट बच्चाको वृद्धि विकास हुनुका साथै धर्तीमा आफूलाई जीवित राख्न सक्षम हुन्छन् । यो कुरा मानिसमा समेत लागू हुन्छ । बच्चालाई स्तनपान गराउँदा आमालाई स्तन क्यान्सरको जोखिम कम हुने, अस्थायी परिवार नियोजनको साधनको काम गर्ने, बच्चाप्रति माया ममता बढ्ने, बच्चालाई शिशु अवस्थामा चाहिने आवश्यक सम्पूर्ण पौष्टिक तत्वहरू प्राप्त हुने हुन्छ । यसका साथै बच्चालाई रोगविरुद्ध लड्ने क्षमता समेत बढाउन आवश्यक एन्टिबडी प्राप्त हुने, बच्चा अघाएर सन्तुष्ट हुने, उचित वृद्धि विकास हुने, आमा बच्चा दुवै प्रसन्न हुने र तापक्रम मिलेको संक्रमणरहित खाना खान पाउने जस्ता फाइदा पनि हुन्छन् ।



**स्तनपान प्रविधि**

स्तनपानलाई यदि परिवार नियोजनको साधनका रूपमा प्रयोग गरिन्छ भने त्यसलाई परिवार नियोजनको प्रविधि भनिन्छ । हामी सबैलाई सुन्दै अचम्म लाग्न सक्छ कि स्तनपानबाट पनि परिवार नियोजन हुनसक्छ वा गर्भ नियन्त्रण गर्न सकिन्छ । सुन्दा अचम्म लाग्न सक्छ स्तनपान प्रविधिले पनि गर्भ नियन्त्रण हुनसक्छ ? यो नयाँ कुरा त होइन तर धेरैका लागि नयाँ विषयवस्तु हुन सक्छ । स्तनपान प्रविधिलाई प्रयोग गरेर गर्भ नियन्त्रण गर्नुपर्ने छ भने बच्चा जन्मिएपछि अर्को महिनावारी नहुँदासम्म वा ६ महिनाभित्र यो तरिका प्रभावकारी हुन्छ भनेर बुझ्नुपर्छ । यस्तो प्रविधिलाई अंग्रेजीमा LAM (Locational Amenorrhea Method) पनि भनिन्छ । यसको अर्थ यो विधिले महिलाको महिनावारी चक्रलाई सुत्केरी भएपछि छिटो हुन नदिएर केही पर धकेल्छ र महिनावारी नहुँदासम्म यो विधिले काम गर्छ भन्न खोजिएको हो । त्यसो त कुनै कुनै महिलामा बच्चा जन्म भएपछि अर्को महिनावारी नहुँदै पुन: गर्भ बसेर अर्को बच्चा जन्मेको समेत पाइन्छ । यसको मतलब यो विधि सबै महिलालाई प्रभावकारी नहुन सक्छ । यो विधि कम प्रभावकारी अस्थायी परिवार नियोजनको विधि भित्र पर्दछ । यदि स्तनपान विधिको प्रयोग गरेर गर्भनियन्त्रण गर्ने विचार छ भने सुत्केरी महिलाले निम्न शर्तहरूको अधिनमा रहनु जरूरी छ । बच्चालाई राति र दिनमा समेत गरी कम्तीमा पनि १० पटकसम्म निखिने गरी दुवै स्तनबाट स्तनपान गराउनुपर्छ । ६ महिनासम्म बच्चालाई आमाको दूधबाहेक अन्य कुनैपनि पानी वा खाद्यपदार्थ खुवाएको हुनुहुँदैन ।

**स्तनपान गराउने विधि र प्रक्रिया**

धेरैजसो आमालाई अर्को खड्किरहने विषयवस्तु भनेको बच्चालाई स्तनपान गराउँदा कसरी गराउने भन्ने हो । कसरी स्तनपान गराएमा प्रभावकारी दूध चुसाइ हुन्छ र बच्चा फष्टपुष्ट हुन्छ भन्ने जिज्ञासा धेरैम हुन्छ । स्तनपानका सन्दर्भमा गर्भावस्थामा स्वास्थ्य संस्थामा परीक्षण गर्न जाँदा स्वास्थ्यकर्मीले आवश्यक परामर्श दिनुपर्छ । सुत्केरी भएपछि आमाले त्यसलाई प्रयोग गरेमा मात्र त्यो प्रभावकारी हुन्छ । पहिलो बच्चा जन्माएकि आमालाई त्यो ज्ञान नहुन सक्छ । स्तनपान गराउन लाज मान्ने, काउकुती मान्ने, स्तनको टुप्पो दुख्ने, घाउ हुने र कसैको टुप्पो नै दबिएको हुने जस्ता कारणले बच्चालाई राम्रोसँग स्तनपान नगराउँदा बच्चाले आवश्यक मात्रामा दूध खान पाउँदैन ।

**स्तनपान गराउने सही तरिका**

आमाले आफ्नो स्तनलाई अंग्रेजी सी आकारमा समाउनुपर्छ र सजिलो गरी बस्नुपर्छ । तर धेरैले दुईवटा औंला कैंची बनाएर दूधको मुण्टो समाएका हुन्छन्, यो गलत आसन हो र यसो गर्दा दूधको प्रवाह राम्रो हुँदैन । शिशुको शरीर सिधा हुनुपर्छ । शिशुको शरीर र मुख आमाको स्तनतिर फर्किएको हुनुपर्छ । शिशुको पेट आमाको पेटसँग टाँसिएको हुनुपर्छ । आमाको एक हातले शिशुको सम्पूर्ण शरीरलाई थामेको हुनुपर्छ । शिशुको मुख पुरा खुलेको हुनुपर्छ । शिशुको तल्लो ओठ बाहिर फर्केको हुनुपर्छ । शिशुको चिउँडोले आमाको स्तन छोएको हुनुपर्छ तर नाक बन्द हुनुहुँदैन । स्तनको धेरैजसो कालो भाग बच्चाको मुखभित्र पसेको हुनुपर्छ । यसरी उपरोक्त आसन र सम्पर्क मिलाएर बच्चालाई दूध चुसाएमा त्यो प्रभावकारी चुसाइ हुन्छ । अझ प्रभावकारी दूध चुसाइ भए नभएको थाहा पाउन यदि बच्चाले बिस्तारै भित्रसम्म तानेर दूध चुस्दै, केही रोकिँदै, दूध निलेको समेत देखिएको, गाला पुक्क फुलेको वा गोलो भएको देखिएमा प्रभावकारी दूध चुसाइ भएको पक्का हुन्छ ।

*-अनलाइन खबर डटकम*

# स्वस्थ जीवनका लागि के खाने ?

स्वस्थ जीवनयापन, शारीरिक तथा मानसिक विकास, शरीरलाई आवश्यक शक्ति प्रदान गर्न र रोगसँग लड्ने क्षमता बढाउन सन्तुलित तथा पोषिलो आहारको महत्वपूर्ण भूमिका रहने स्वास्थ्य विज्ञहरूले बताएका छन् । विज्ञहरूका अनुसार मानव शरीरलाई आवश्यक पर्ने कार्बोहाइड्रेट, प्रोटिन, चिल्लो पदार्थ, भिटामिन, खनिज पदार्थ र फाइबरजस्ता पोषक तत्व उचित मात्रामा समावेश भएको खाना नै स्वस्थ खाना हो। यी पोषक तत्वको सन्तुलित सेवनले शरीरलाई स्वस्थ राख्न मद्दत पुग्ने उनीहरूको भनाइ छ । कार्बोहाइड्रेट र चिल्लो पदार्थले शरीरलाई आवश्यक ऊर्जा प्रदान गर्छन् भने प्रोटिनले शरीरको वृद्धि, विकास तथा मर्मतसम्भारमा महत्वपूर्ण भूमिका खेल्छ। त्यसैगरी, भिटामिनले रोग प्रतिरोधात्मक क्षमता बढाउँछ, फाइबरले पाचन प्रणाली र आन्द्रालाई स्वस्थ राख्न सहयोग गर्छ भने खनिज पदार्थले दाँत, हड्डी र मांसपेशीलाई मजबुत बनाउने काम गर्छ । स्वास्थ्यकर्मीहरूले दैनिक भोजनमा प्रशस्त मात्रामा सागसब्जी,



फलफूल, दाल, गेडागुडी, भटमास, बदाम तथा अन्य पोषक तत्वयुक्त खाद्य पदार्थ समावेश गर्न सुझाव दिएका छन् । साथै, दूध तथा दूधजन्य परिकार, माछा, मासु र अन्य प्रोटिनयुक्त खानेकुराको सन्तुलित सेवन गर्न पनि आग्रह गरिएको छ । त्यसैगरी, आयोडिनयुक्त नुनको प्रयोग गर्न, नुनको मात्रा कम राख्न, प्रशस्त पानी पिउन तथा भिटामिन, फाइबर र खनिजयुक्त खाद्य पदार्थलाई प्राथमिकता दिन सुझाव दिइएको छ । स्वास्थ्य विज्ञहरूले मदिरा, धूमपान तथा अन्य सूर्तिजन्य पदार्थको सेवनबाट टाढा रहन र पत्रु (जंक) खानाको सट्टा घरमै पकाएको ताजा तथा स्वस्थ खाना खान आग्रह गरेका छन् । विशेषगरी बालबालिका, गर्भवती तथा सुत्केरी महिला र ज्येष्ठ नागरिकले दूध तथा दूधजन्य परिकार नियमित रूपमा सेवन गर्नु स्वास्थ्यका लागि लाभदायक हुने जनाइएको छ । सन्तुलित आहारसँगै नियमित शारीरिक व्यायाम, पर्याप्त आराम र स्वस्थ जीवनशैली अपनाउन सके विभिन्न नसर्ने रोगको जोखिम घटाउनुका साथै समग्र स्वास्थ्य सुधार गर्न सकिने स्वास्थ्य क्षेत्रका जानकारहरूको भनाइ छ ।

*-इहिमालयन डटकम*

# बाघको आक्रमणबाट १२ वटा बाख्रा मरे



**स्याङ्जा,** साउन २१/ स्याङ्जामा बाघको आक्रमणबाट १२ वटा बाख्रा मरेका छन् । यहाँको गल्याङ नगरपालिका-५ रुपखानी र कालिगण्डकी गाउँपालिका-७ मिर्मि स्थित क्याम्पसरोडमा बाघको आक्रमणबाट १२ वटा बाख्रा मरेका हुन् ।

गल्याङ नगरपालिका-५ रुपखानीमा बाघको आक्रमणबाट एकै घरका १० वटा बाख्रा मरेका छन् । जिल्ला प्रहरीका अनुसार सोमबार राति रुपखानी निवासी श्याम रानाको घर नजिक रहेको बाख्राको खोरमा बाघले आक्रमण गरेको हो । आक्रमणका क्रममा खोरमा रहेका साना-ठूला गरी १० वटा बाख्रा तथा बोकामध्ये ९ वटा घटनास्थलमै मृत अवस्थामा फेला परेका छन् । एउटा बाख्रा भने बाघले लगेको बताइएको छ । उक्त बाख्रा हालसम्म फेला नपरेको प्रहरीले जनाएको छ । घटनाको जानकारी प्राप्त भएपछि इलाका प्रहरी कार्यालय जयपते, स्याङ्जाबाट प्रहरी टोली घटनास्थलमा पुगेर स्थलगत निरीक्षण गरेको थियो । प्रहरीको टोलीले घटनाबारे आवश्यक अनुसन्धान तथा क्षतिको विवरण संकलन गर्ने कार्य अघि बढाएको जनाएको छ ।

यस्तै बुधबार राती यहाँको कालिगण्डकी गाउँपालिका वडा नम्वर -०७ मिर्मि स्थित क्याम्पसरोड बस्ने विनिता भट्टराईको बाख्राको खोरमा रहेको २ वटा बाख्रालाई बाघले आक्रमण गरी मारेको छ । इलाका प्रहरी कार्यालय जयपते स्याङ्जाबाट प्रहरी टोली घटनास्थलमा पुगेर स्थलगत निरीक्षण गरेको थियो । प्रहरीको घटनाबारे आवश्यक अनुसन्धान तथा क्षतिको विवरण संकलन गर्ने कार्य अघि बढाएको छ । हालैका दिनमा वन क्षेत्र नजिकका बस्तीमा वन्यजन्तुको आवतजावत बढ्दै जाँदा चौपायामाथि हुने आक्रमणका घटना पनि बढ्न थालेका छन् । यस घटनापछि रुपखानी क्षेत्रका स्थानीयवासी थप त्रसित बनेका छन् । स्थानीयले वन्यजन्तुको नियन्त्रण, बस्तीको सुरक्षा तथा पीडित किसानलाई उचित राहत र क्षतिपूर्तिको व्यवस्था गर्न सम्बन्धित निकायसँग माग गरेका छन् । प्रहरीका अनुसार घटनाबारे थप अनुसन्धान जारी रहेको छ भने सम्बन्धित निकायसँग आवश्यक समन्वयसमेत भइरहेको छ ।

## खेलकुद समाचार

### टी-२० क्रिकेटमा सबैभन्दा धेरै रन बनाउने खेलाडी



**काठमाडौं,** साउन २१/इङ्गल्यान्डका जोस बटलर टी-२० क्रिकेटको इतिहासमा सबैभन्दा धेरै रन बनाउने खेलाडी बनेका छन् । 'द हन्ड्रेड लिग' मा बुधबार म्यानचेस्टर सुपर जायन्ट्सबाट खेल्दै २२ रन जोड्दै उनले यो कीर्तिमान बनाएका हुन् । यो खेलमा बटलरले २० बलमा नटआउट ५१ रन बनाए । योसँगै उनले ५२२ टी-२० खेलमा ३५.४८ को औसतमा ९ शतक र १०६ अर्धशतकसहित १४ हजार ८३३ रन बनाएका छन् । ३५ वर्षीय बटलरले वेस्ट इन्डिजका पूर्वक्रिकेटर कायरन पोलार्डको कीर्तिमान तोडेका हुन् । ३९ वर्षीय पोलार्डले ७४६ टी-२० खेलमा १४ हजार ८०३ रन बनाएका छन् । टी-२० क्रिकेटमा सबैभन्दा धेरै रन बनाउने खेलाडीको तेस्रो सूचीमा रहेका वेस्ट इन्डिजका क्रिस गेलले १४ हजार ५६२ रन बनाएका छन् । गएको मार्चमा भएको टी-२० विश्वकपमा बटलरले राम्रो प्रदर्शन गर्न सकेका थिएनन् । उनले ८ खेलमा जम्मा ८७ रन मात्र बनाउन सके जसले गर्दा उनको भविष्यबारे आशङ्का उब्जिएका थिए ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक दोहोरो अङ्कले घट्यो



**पाल्पा,** साउन २१/धितोपत्र बजारमा सेयर कारोबार मापन नेप्से परिसूचक बिहीबार दोहोरो अङ्कले घटेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १३ दशमलव ८२ अङ्कले घटेर दुई हजार ६५४ दशमलव १५ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ६२ अङ्कले घटेर ४६४ दशमलव ७३ मा पुगेको छ । त्यस्तै, फ्लोट सूचक एक दशमलव ०३ अङ्कले घटेर १८२ दशमलव २६ मा पुगेको छ । त्यस्तै सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव ९१ अङ्कले घटेर १५७ दशमलव ३४ मा पुगेको छ । विभिन्न कम्पनीका एक करोड आठ लाख चार हजार ४२६ कित्ता सेयर रु चार अर्ब ६२ करोड २७ लाख ७७ हजार ४४२ मूल्यमा खरिद बिक्री भएको छ । बिहीबार १३ उपसमूहमध्ये एक उपसमूह बढ्यो भने १२ उपसमूह घट्यो । ६४ कम्पनीको सेयर बढ्यो भने २०२ कम्पनीको सेयर घट्यो । त्यसैगरी १० कम्पनीको सेयर स्थिर रह्यो । नेप्सेका अनुसार बिहीबार अपर लोहार खोला हाइड्रोपावर, कलङ्गा हाइड्रोपावर, एनआइबिएल समृद्धि फण्ड २ का लगानीकर्ताले कमाएका छन् । एलएस होरिजन, मेगा म्युचुअल फण्ड, लक्ष्मी भ्यालु फण्डलगायत लगानीकर्ताले गुमाएका छन् ।


**दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको रुप्से गाविस-७, हाल माथागढी गाउँपालिका-२ निवासी भारतिय भू.पू.सैनिक नं.5446825 का NK खुम बहादुर सारु (ना.प्र.मा खुम बहादुर सारु) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा यम कुमारी सारु र जन्म मिति सन् १९५७ जुलाई १ (वि.स.२०१४/०३/१८) र नेपाली नागरिकता प्रमाणपत्रमा कर्ण कुमारी सारु, जन्म मिति वि.स. २००९/०६/१२ (सन् १९५२ सेप्टेम्वर २७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

**दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको चिदीपानी गाविस-७, हाल माथागढी गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं.54999 का RFN/GD कृष्ण बहादुर राना (ना.प्र.मा कृष्ण बहादुर कवर मगर) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा राज कुमारी र जन्म मिति सन् १९४४ सेप्टेम्वर ८ (वि.स.२००१/०५/२४) र नेपाली नागरिकता प्रमाणपत्रमा मुक्ति कुवर मगर, जन्म मिति वि.स. २००२/०९/१२ (सन् १९४५ डिसेम्वर २६) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

**दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको कसेनी गाविस-७, हाल माथागढी गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं.56570 H का WO/GD राम बहादुर थापा (ना.प्र.मा राम बहादुर थापा कवर) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा निर्मला थापा र जन्म मिति सन् १९६६ अक्टुवर २८ (वि.स.२०२३/०७/१२) र नेपाली नागरिकता प्रमाणपत्रमा निर्मला थापा कवर, जन्म मिति वि.स. २०२३/०९/२१ (सन् १९६७ जनवरी ५) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

**शिक्षक आवश्यकता**

**प्रकाशित मिति : २०८३/०४/२०**

उपरोक्त सम्बन्धमा यस विद्यालयको वि.व्य.स. को मिति २०८३/०४/१८ को निर्णय , माथागढी गा.पा. को मिति २०८३/०४/१९ को च.नं. १०३ को सिफारिस पत्र र शिक्षा तथा समन्वय इकाई, तानसेन, पाल्पा मिति २०८३/०४/२० को च.नं. ०६७ को अनुमति पत्रानुसार तपशिल अनुसारको शिक्षकको अस्थायी करार नियुक्तिको लागि योग्यता पुगेका इच्छुक उम्मेदवारबाट देहाएको विज्ञापनको लागि दर्खास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**विज्ञापन नं :** ०१/०८३/०८४

**१) तह :** प्रा.वि, **श्रेणी :** (तृतीय)

**२) पद :-** करार शिक्षक, **संख्या :** (१ जना)

**३) न्युनतम् शैक्षिक योग्यता :** आई. एड. वा सो सरह

**४) उमेर :** १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको

**५) तलब स्केल :** नेपाल सरकारले तोके बमोजिम

**६) दरखास्त दस्तुर :** रु. १०००/-

**७) दरखास्त दिने अन्तिम मिति :** २०८३/०५/०३ गते कार्यालय समय भित्र ।

**८) सम्पर्क मिति : २०८३/०५/०४**

**९) परीक्षा हुने मिति र स्थान :** सम्पर्क मितिमा तोकिने छ ।

**१०) परीक्षाको किसिम :** लिखित तथा अन्तर्वार्ता

**११)** परीक्षाको दिन सक्कल प्रमाणपत्र उपलब्ध गराउनु पर्ने छ ।

**१२) पेश गर्नुपर्ने आवश्यक कागजातहरु :** नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, स्थायी अध्यापन अनुमतिको प्रमाणित प्रतिलिपी र निरोगिताको प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति ।

**सम्पर्क:** ९८४७३५०१४९, ***Gmail :- siddhabasicschool9@gmail.com***

**श्री सिद्ध प्राथमिक विद्यालय**

**माथागढी-६, गोठादी,घारी, पाल्पा**

**दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको यम्घा गाविस-३, हाल बगनासकाली गाउँपालिका-६ निवासी भारतिय भू.पू.सैनिक नं.5751556N का NK गंग बहादुर थापा (ना.प्र.मा गंग बहादुर कवर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा मनि सरा थापा र जन्म मिति सन् १९७० जुलाई १६ (वि.स.२०२७/०४/०१) र नेपाली नागरिकता प्रमाणपत्रमा मनिसरा कवर थापा, जन्म मिति वि.स. २०२७/०६/०७ (सन् १९७० सेप्टेम्वर २३) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

**दुई नामथर फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको चिदीपानी गाविस-४ (माथगढी -१), हाल बगनासकाली गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. 13722101A का sepoy दल बहादुर थापा (ना.प्र.मा दल बहादुर श्रेष्ठ) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा विष्णु माया थापा र जन्म मिति सन् १९५३ अप्रिल २७ (वि.स.२०१०/०१/१५) र नेपाली नागरिकता प्रमाणपत्रमा विष्णु माया श्रेष्ठ, जन्म मिति वि.स. २०१०/०१/१५ (सन् १९५३ अप्रिल २७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई